सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट आज भएका गतिविधिहरु

*मिति २०७६/१२/२६ गते*

पोखरा मालेपाटनस्थित कृषि तालिम केन्द्रमा क्वारेन्टाइनमा रहनुभएका १६ जना व्यक्तिहरु आज घर फिर्ता हुनुभएको छ । उहाँहरुलाई १४ दिनको क्वारेन्टाइन बसाईपछि आज विदाई गरिएको हो । क्वारेन्टाइनमा रहेका सबै जनामा कुनै शंकास्पद लक्षण देखिएको थिएन भने हिंजो कोभिड -१९ को नमुना परिक्षण गर्दा समेत सबैको परिणाम नेगेटिभ आएको थियो ।





गण्डकी प्रदेशमा कोभिड-१९ शंकास्पद विरामीको नमुना संकलन देखि परिक्षण गर्दासम्म पालना गर्नुपर्ने विभिन्न नियमहरुसहितको SOP तयार गर्नको निम्ति प्रयोगशाला व्यवस्थापन समिति र प्रयोगशाला विज्ञहरुको बैठक सम्पन्न भयो । बैठकले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको SOP लाई आधार मान्दै गण्डकी प्रदेशको परिप्रेक्ष्यमा आफ्नै मापदण्ड सहितको SOP तयार गरेको छ ।

आज लमजुङको मध्यनेपालबाट स्वास्थ्य निर्देशनालय र पस्चिमान्चल क्षेत्रिय अस्पतालका प्राविधिकहरुको एक टोलीले १३ जना कोभिड-१९ शंकास्पद विरामीको नमुना संकलन गरि ल्याएको छ ।





**चैत्र २६ गतेसम्म हेल्लो डाक्टर १०९२ मा सेवा लिने सेवाग्राहीको संख्या ५०२**

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०



गण्डकी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रि माननीय किरण गुरुङज्यु तथा सामाजिक विकास मन्त्रि माननीय नरदेवी पुन मगरज्यूले स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशमा भैरहेका कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य क्षेत्रले गरेको प्रतिकार्यको जानकारी लिनुभयो। सो अवसरमा उहाँले गण्डकी प्रदेशमा रहेका क्वारेन्टाइन, आइसोलेसन, नमुना परिक्षण, आइसोलेसन अस्पताल आदिको बारेमा जानकारी लिंदै आवश्यक सल्लाह तथा निर्देशन प्रदान गर्नुभयो।





विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै 'होम/सेल्फ क्वारेन्टाईन'मा बसौं।होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौ।

क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछयानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने।

ख) आफु बस्ने कोठा आफै सफा गर्ने।

ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने।

घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने। हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने।

ड.) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने ।यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने। खोक्दा वा हाछय गर्दा आफ्नो मख र नाकलाई टिस्य पेपर. रुमाल वा कहिनोले छोप्ने।

नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

हेलो डाक्टर
१०९२ प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको टोल फ्री नं. १०९२ मा सम्पर्क राख्नुहोस् ।

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com